आज मिति २०७७ श्रावन २१ गते बुधबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्तराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १८. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |
| १९. इन्द्रबहादुर भन्डारी | कानुनी सल्लाहकार |

**प्रस्तावहरु**

१. रोजगार संयोजक पदपूर्ति समिति गठन

२. वालुवा गिट्टीको टेन्डर

३. स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यस्थापन समिति गठन

४. कक्षा संचालनको लागि सिफारिस

५. कार्यालय सहयोगी पदस्थापना ।

६. सस्थागत विद्यालय पठनपाठन गर्न अनुमति दिने

७ झोपु नाम सारी सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं १ :** प्रस्ताव नं १ मा छलफल गर्दा यस दार्मा गाउँपालिकामा रिक्त रोजगार संयोजकको पदपूर्तिका लागि विज्ञान भई दरखास्त दिने म्याद समेत सकिएकोले दरखास्त परेका उम्मेदवारहरुमध्ये नियमानुसार छनौटका लागि रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ३ दफा ६ अनुसार तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो :

तपसिल

१. श्री एम प्रसाद बास्कोटा - संयोजक
२. श्री दिपक शर्मा - सदस्य
३. श्री अमृत खड्का - सदस्य सचिव

**निर्णय नं २ :** प्रस्ताव नं २ मा छलफल गर्दा यस दार्मा गाउँपालिका अन्तर्गत खोलाहरुबाट सूचना अवज्ञा गरि अवैध बालुवा गिट्टी निकासी भइरहेकोले त्यसको कडाइपूर्वक नियन्त्रण गर्ने । अतिआवश्यकीय निर्माणाधीन योजनाहरुमा गाउँ कार्यापालिकाको कार्यालयबाट अनुमति लिई नियमानुसार तोकिएको स्थानबाट गिट्टी, बालुवा उठान दिने निर्णय गरियो । गिट्टी बालुवा, ढुङ्गा निकासी र पैठारीका लागि तपसिल बमोजिमबाट खोलाहरुबाट तपसिल बमोजिमको कबोल अंक नघटने गरि टेन्डर आह्वान गर्ने निर्णय गरियो ।

**तपसिल-**

| क्र.सं. | खोलाको नाम | कबोल अंक |
|---|---|---|
| १ | मासुगार - सिलिङ्गी खोला | २ लाख |
| २ | दार्मा खोला | १ लाख |

अमृत खड्का
प्रशासकीय अधिकृत

**निर्णय नं ३ :** प्रस्ताव नं ३ मा छलफल गर्दा यस दार्मा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत महिनावारी हुने छात्राहरुलाई प्रदान गरिने सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यमा आवश्यकतानुसार समन्वय, सहजीकरण र अनुगमन गर्न सेनिटरी प्याड वितरणण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा १४ बमोजिम देहाय बमोजिमको दार्मा गाउँपालिका स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री टीका शर्मा ओली - संयोजक ( गाउँपालिका उपाध्यक्ष)
२. श्री मन्जु शाही - सदस्य ( कार्यपालिका महिला सदस्य)
३. श्री यज्ञबहादुर बस्नेत - सदस्य (स्वास्थ्य शाखा प्रमुख)
४. श्री सावित्री मल्ल चन्द - सदस्य (विद्यालयका सम्पर्क व्यक्ति)
५. श्री सृजना चन्द मल्ल - सदस्य (विद्यालयका सम्पर्क व्यक्ति)
६. श्री यमुना खड्का - सदस्य (महिला तथा बालबालिका शाखा)
७. श्री शेरप्रसाद ढकाल - सदस्य सचिव ( शिक्षा अधिकृत)

**निर्णय नं ४.** प्रस्ताव नं ४ मा छलफल गर्दा राष्ट्रिय मावि दार्माकोटले कक्षा ११ को अनुमति लिई सञ्चालन भइसकेको र यस शैक्षिक सत्रदेखि कक्षा १२ को अनुमतिका लागि शिक्षा समितिबाट सिफारिस भइ आएकोले शैक्षिक सत्र २०७७ देखि कक्षा १२ सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ५** : प्रस्ताव नं ५ मा छलफल गर्दा यस दार्मागाउँमा सञ्चालित सामुदायिक विद्यालयहरु विद्यालय समायोजन एवम् एकीकरण कार्यविधि २०७७ बमोजिम पुर्ण समायोजन एवम् एकीकरण भएका विद्यालयहरुमा कार्यरत विद्यालका शिक्षक र कर्मचारीहरुलाई समायोजन भइ गएका विद्यालयमा पदस्थापना गर्न वि.व्य. स. निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६** : प्रस्ताव नं ६ मा छलफल गर्दा यस दार्मागाउँमा सञ्चालित सस्थागत विद्यालय श्री दोभान एकेडेमी विद्यालय समायोजन गरि पाउ भनि निवेदन दिएको र सो सम्बन्धमा कार्यापालिको मिति२०७७।०३।०३ गतेको बैठक निर्णय अनुसार समायोजन गरिएकोमा हाल पून: विद्यालय

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

संचालन गर्ने भनि लिखित निवेदन दिएकोले मापदण्ड पुरा गरेमा संचालन गर्नलागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ माथि छलफल गर्दा दार्मा गाउँपालिसका वडा नं. २ खल्टाकुरीमा निर्माणको ठेक्का आह्वान भइ सम्झौता भइसकेको झोलुङ्गे पुल नजिकै प्रदेश सरकारबाट पक्की निर्माण हुनलागेको हुँदा वडा नं. ४ को रातामाटामा निर्माण उपयुक्त हुने स्थानमा बाटुलेचौर - रातामा स्थान परिवर्तन गर्नको लागि श्री स्थानीय पूर्वाधार विभाग श्रीमहल,पुल्चोक,ललितपुर अनुरोध गर्ने निर्णय गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत